नेपाल सरकार
स्वास्थ्य मंत्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
टेकु, काठमाण्डौं

☎ ४२६१४१९
४२१८५२१
४२५५७९६
फ्याक्स ४२६२२६८
पचली, टेकु,
काठमाडौं
नेपाल

# कीटनाशकयुक्त झुल बितरणको लागि कार्य संचालन निर्देशिका २०१६

औलो रोग नेपालको जनस्वास्थ्यसँग सम्वन्धित प्रमुख समस्याहरु मध्ये एउटा समस्याको रुपमा रहँदै आएको छ । विषेशत: ती मानिसहरु जो जङ्गलको आसपास (forest fringe), चुरे क्षेत्र (foothill), भित्री तराईका जिल्लाहरु र समथर तराई भू-भागमा बसोबास गर्दछन, तिनीहरुलाई औलो लाग्न सक्ने सम्भावना अत्याधिक रहेको पाईन्छ । यसका बाबजुद पनि मुलुकले औलोको रोग लाग्ने तथा मृत्यु हुने दरमा कमी ल्याई सहस्राब्दी विकास लक्ष्यलाई सन् २०१० मा (सन् २०१५को सट्टामा) नै उछिनी सकेको छ । यसै सम्बन्धमा नेपाल सरकारले सन् २०२६ सम्ममा नेपाललाई औलो-मुक्त राष्ट्रको रुपमा घोषण गर्ने राष्ट्रिय लक्ष्य सहित नेपाल औलो रणनितिक योजना सन् २०१४-२०२५ तयार गरेको छ, जस अन्तर्गत रही औलो निवारणको बिभिन्न कार्यक्रम संचालन हुदै आईरहेको छ । सन् २०१२ मा गाविस स्तरसम्म गरिएको सूक्ष्म-स्तरीकरणले औलोको जोखिममा रहेको जनसंख्या २.०३५ करोडबाट १.०३५ करोडमा झरेको देखाएको छ । जसमध्य ३.६% 'उच्च जोखिम' तथा ९.८% 'मध्यम जोखिम' गाविसमा रहने गरेको छ ।

यो **कीटनाशकयुक्त झूल बितरण कार्य-संचालन निर्देशिका २०७२ (२०१६)**, पूर्ण रुपमा सोहि नेपाल औलो रणनितिक योजना सन् २०१४-२०२५ मा आधारित छ ।

राष्ट्रिय औलो नियन्त्रण कार्यक्रमले औलो प्रभावित नेपालका २५ जिल्लाहरुका उच्च तथा मध्यम जोखिम २५५ गाविसहरुलाई विशेष प्राथमिकता दिएको छ । त्यसैले ग्लोबल फण्ड (The Global Fund To Fight AIDS, Tuberculosis and Malaria-GFATM) को आर्थिक सहयोगमा औलो रोग नियन्त्रणका विशेष कार्यक्रमहरु ती क्षेत्रहरुमा मात्र लागू गरिएका छन् । Long-Lasting Insecticide-Treated Nets (LLIN) वितरण कार्यक्रम, औलो प्रभावित १५ जिल्लाका उच्च जोखिम रहेका ५४ गा.बि.स.हरुका सम्पूर्ण जनसंख्यालाई समेट्ने कार्यक्रम छ भने यस बाहेक, औलोको उच्च तथा मध्यम जोखिमका २५५ गाविस/न.पा. हरुमा रहेका सरकारी स्वास्थ्य-संस्थाहरु मार्फत गर्भावस्थाको परीक्षण गर्न आउने महिलाहरुलाई पनि गर्भ परीक्षणको समयमा थप LLIN वितरण गरिने छ । यसबाट ANC Clinic मा परीक्षण गर्न आउने गर्भवती महिलाको संख्यामा बृद्धि हुनुका साथै औलोको जोखिमबाट बच्न गई मातृ-मृत्यूदर समेत घट्ने आशा राखिएको छ ।

## झूल बितरणको आधारभूत मान्यता :

(क) लक्षित जिल्लाहरुका औलो अति प्रभावित क्षेत्रमा बसोबास गर्ने प्रति दुई व्यक्तीलाई १ (एक) कीटनाशकयुक्त झूल (LLIN) प्रदान गर्ने ।

(ख) लक्षित क्षेत्रका स्वास्थ्य-संस्थाहरुमा गर्भावस्थाको परिक्षण (ANC) का लागि आउने गर्भवती महिलालाई पहिलो परिक्षणको समयमा १ (एक) कीटनाशकयुक्त झूल (LLIN) प्रदान गर्ने । यसरी दिईने झूल माथिको बूंदा "क" अनुसार घरदैलोमा दिईने झूलका अतिरिक्त पनि गर्भवती महिलाकै लागि भनी थप १ (एक) प्रदान गर्ने ।

## रणनितिहरु:

- लक्षित जिल्लाहरुका औलोको उच्च जोखिम देखाएको तत्कालिन गा. वि. स./ न.पा. हरु का घर-संख्या तथा जनसंख्याको अभिलेख तयार गर्ने ।
- औलो प्रभावित तत्कालिन गा.बि.स./ न.पा मा बसोबास गर्दै आएका बिशेष समुदायहरुको अभिलेख तयार पार्ने।

नेपाल सरकार
स्वास्थ्य मंत्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
टेकु, काठमाण्डौं

☎ ४२६१४१९
४२१८५२१
४२५५७९६
📠 ४२६२२६८
पचली, टेकु,
काठमाडौं
नेपाल

## LLIN बितरण प्रकृयाः

कीट्नाशकयुक्त झूल बितरण गर्दा सर्वप्रथम सम्पूर्ण लक्षित जिल्लाहरुका औलो प्रभावित क्षेत्रहरुलाई तीन भागमा बिभाजित गर्ने । ती क्षेत्रहरु मध्ये पहिलो बर्ष एक-तिहाई भागमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरुलाई LLIN बितरण गर्ने र बाँकी दुई-तिहाई भागमा IRS गर्ने । यसैगरी दोस्रो बर्ष, अर्को एक-तिहाई भागमा LLIN बितरण गर्ने र बाँकी एक-तिहाई भागमा IRS गर्ने । एवं प्रकारले तेस्रो बर्ष, बाँकी एक-तिहाई भागमा LLINs बितरण गरी औलो प्रभावित सम्पूर्ण क्षेत्रहरु समेट्ने ।

यसरी कीटनाशकयुक्त झूल वितरण प्रत्येक चौथो वर्षमा पुनः माथिकै प्रक्रिया अनुरुप गरिने छ । झूल वितरणको स्थान, यसको प्रभाव तथा जनसँख्या भने पूनः मूल्याँकन गरी बितरणको आवश्यक ब्यबस्था मिलाईने छ ।

## जनसंख्या पहिचान

औलो ग्रसित क्षेत्रका जनसंख्या पहिचानको आधार निम्न मध्ये कुनै एक हुनेछ :

- नागरिकता प्रमाणपत्र
- मतदातापत्र
- जग्गाधनी लालपूर्जा
- Updated VDC Profile

## परिवारका सदस्य भन्नाले

एउटै चुल्होमा पकाएको खाना खाने ५ (पाँच) वर्ष भन्दा माथिका सदस्यहरु जसमा धर्म पुत्र वा पुत्री तथा कामदारलाई पनि जनाउने छ ।

## परिवार सदस्यहरुको पहिचानका आधारहरु

- कुनै पनि प्रमाणपत्र नभएका १६ (सोह्र) बर्ष भन्दा कम उमेरका परिवारका सदस्यका लागि, परिवारको मूलीसँगको नाता सम्बन्ध गा.वि.स./वडा सचिव/अध्यक्ष वा ग्रामीण महिला स्वंम्सेवक (FCHV) बाट प्रमाणित सिफारिस पत्र ।
- घर भाडा गरी बस्नेहरुको हकमा घरमूलीको लिखित सिफारिश सहित तत्कालिन गा.वि.स. वा वार्ड सचिव/अध्यक्षको सिफारिश पत्र ।
- आमा र पाँच वर्षमूनिको बच्चालाई एकै व्यक्तिको रुपमा गणना गर्ने ।
- यदि कुनै परिवारमा बिधवा वा बिधुर; ससुरा-बुहारी; जेठाजु-बुहारी; देवर-भाउजू, सासू-बुहारी, आमा - बयस्क छोरा वा बुवा - बयस्क छोरी, बयस्क भाई - दीदी, बयस्क बहिनी- दाई बसोबास गर्दछन् भने १ (एक) व्यक्ति १ (एक) LLIN दिने ।

***परिवारको आकारः बिजोर संख्या भएमा सो भन्दा माथिको जोर अंकलाई गणना गर्ने ।***

नेपाल सरकार
स्वास्थ्य मंत्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
टेकु, काठमाण्डौं

☎ ४२६१४१९
४२१८५२१
४२५५७९६
📠 ४२६२२६८
पचली, टेकु,
काठमाडौं
नेपाल

## जोखिममा रहेका विशेष जनसंख्या

औलोको अति प्रभावित क्षेत्र अन्तर्गत झूल वितरण कार्यक्रममा परेका गा.वि.स./न.प. भित्र पर्ने गैर नाफामूलक अस्पताल, छात्रावास, वृद्धाश्रम, पुनर्स्थापना केन्द्रहरु, सेना, प्रहरी, ससस्त्र प्रहरी, र जेलमा बस्ने कैदीहरुका साथै औलो अति प्रभावित क्षेत्रमा मिसनमा जाने सेना, प्रहरी, ससस्त्र प्रहरीहरुका लागि निम्न लिखित रणनिति अवलम्वन गर्ने:

- प्रभावित क्षेत्रमा रहेका अस्पतालमा प्रति बेड १ (एक) झूल
- औलो प्रभावित क्षेत्रमा रहेका स्वास्थ्य/शिक्षा तालीम केन्द्रको छात्रवासमा प्रति वेड १ (एक) झूल ।
- औलो प्रभावित क्षेत्रमा भएका बृद्धाश्रम, पुनर्स्थापना केन्द्र प्रति बेड १ (एक) झूल ।
- सो क्षेत्रका छात्रावासमा बस्ने विद्यार्थीहरुलाई प्रति बेड १ (एक) झूल ।
- सेना, प्रहरी, ससस्त्र प्रहरी तथा जेलमा बस्ने कैदीहरुलाई प्रति बेड १ (एक) झूल ।
- औलो प्रभावित क्षेत्रमा मिसनमा जानसेना, प्रहरी, ससस्त्र प्रहरीहरुका लागि प्रति व्यक्ति १ (एक) झूल ।

## ANC Visit मा LLINs को वितरण:

औलोको उच्च र मध्यम जोरिखमा रहेका तत्कालिन गा. बि. स. वा न.पा.हरुमा रहेका स्वास्थ्य-संस्थाहरुमा गर्भावस्थाको परिक्षण (ANC) का लागि आउने गर्भवती महिलालाई परिक्षणको समयमा थप १ (एक) थान कीटनाशकयुक्त झूल (LLIN) प्रदान गर्नु पर्नेछ । उक्त बिबरण सम्बन्धित स्वास्थ्य-संस्थाले जिल्लामा र जिल्लाले केन्द्रमा प्रत्येक महिना पठाउनु पर्नेछ ।

## जिल्ला जन/स्वास्थ्य कार्यालयको भूमिका (Role of DHO/DPHO/VCO):

- कीटनाशकयुक्त झूल उपलब्धकर्ता संस्थासँग आवश्यक सहयोग र समन्वय गरी झूल बुझिलिने ।
- गर्भवती महिलालाई वितरण गरिने झूल प्राप्त भएको १ (एक) हप्ताभित्र अनिवार्य रुपमा स्टोर दाखिला गरी रिपोर्ट Epidemiology and Disease Control Division (EDCD) टेकू, काठमाण्डौ पठाउने ।
- जिल्लाले (DHO/DPHO), ANC सुबिधा उपलब्ध स्वास्थ्य संस्थाहरुमा १ (एक) हप्ताभित्र योजना अनुरुप कीटनाशकयुक्त झूल पठाई EDCD मा जानकारी पठाउने ।
- PHCs, HPs, Outreach Clinics जहाँ ब्यबस्थित ANC सूविधा उपलब्ध हुन्छ, त्यहाँबाट मात्र ब्यवस्थित तरिकाबाट झूल बितरण कार्यक्रम संचालन गर्न लगाउने ।
- सम्पूर्ण स्वास्थ्य संस्था/ईकाईहरुले झूल बितरण गरेको विवरण, मासिक रुपमा, जिल्लालाई तथा जिल्लाले, केन्द्रलाई प्रतिबेदन पठाउने ।
- सम्पूर्ण स्वास्थ्य संस्था/इकाईहरुले आवश्यक्ता अनुसार अनुगमन तथा सुपरभिजन गर्ने ।

नोट : *यो निर्देशिका Malaria Technical Working Group (TWG) को Meeting बाट February 2016 मा अनुमोदित गरिएको हो ।*

आ.व.२०७२/०७३

छलफल तथा निर्णयहरु :

रणनितिहरु:

औलो उच्च जोखिम देखिएको गा.वि.सहरुको घर संख्या तथा जनसंख्याको अभिलेखको आधारमा झूल वितरण गर्ने गरिएकोमा हाल उच्च जोखिममा देखिएको न.पा.हरुमा पनि वितरण गर्ने निर्णय गरियो ।

परिवार सदस्यहरुको पहिचानका आधारहरु

झुल वितरण गर्दा पाचँ वर्ष माथीका परिवार संख्याको आधारमा दुई वरावर एक झुल उपलब्ध गराउदै आएकोमा कुनै परिवारमा यदि बिधवा वा बिधुर; ससुरा-बुहारी; जेठाजु-बुहारी; देवर-भाउजू, सासू-बुहारी, आमा बयस्क छोरा वा बुवा - बयस्क छोरी, बयस्क भाई - दीदी, बयस्क बहिनी-दाई बसोबास गर्दछन् भने १ (एक) व्यक्ति १ (एक) LLIN दिने निर्णय ।

जोखिममा रहेका बिशेष जनसंख्या

पहिला औलोको अति प्रभावित क्षेत्र अन्तर्गत झूल वितरण कार्यक्रममा परेका गा.वि.स. भित्र पर्ने सम्पुर्ण अस्पताल, छात्रावास, वृद्धाश्रम, पुनर्स्थापना केन्द्रहरुमा झुल वितरण गर्दै आएकोमा हाल औलो उच्च जोखिममा पर्ने न.पा लगायतका गैर नाफा मूलक अस्पताल, छात्रावास, वृद्धाश्रम, पुनर्स्थापना केन्द्रहरुमा मात्र वितरण गर्ने निर्णय गर्नुका साथै औलो प्रभावित क्षेत्रमा मिसनमा जाने सेना, प्रहरी, ससस्त्र प्रहरीहरुका लागि प्रति व्यक्ति १ (एक) झूल दिने थप रणनिति राखियो ।

विशेष परिस्थिती :

कीटनाशकयूक्त झूल वितरण लागि कार्य संचालन निदेशिका २०१६ मा जे लेखिएका भएता पनि महामारी, वाढीपहिरो, आगलागी, डुवान जस्ता दैविक प्रकोपको अवस्था यो निर्देशिका लागु नहुने ।

४